# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १० | अंक ९० | काठमाडौं | शनिबार, ६ साउन २०८० | Prabhab National Daily | Saturday, July 22, 2023 | www.prabhabonline.com | पृष्ठ ४ | मूल्य रू. ५।-


सन्दर्भ : वैदेशिक रोजगार

## विशेष कोरियन भाषा परीक्षाका लागि आवेदन खुल्दै

■ प्रभाव संवाददाता

**काठमाडौं-** रोजगार अनुमति प्रणाली (इपिएस) अन्तर्गत दक्षिण कोरियामा काम गरेर फर्केकाहरूका लागि विशेष कोरियन भाषा परीक्षा हुने भएको छ । कोरियामा काम गरी वैधानिक तवरले फर्केका कामदारहरूलाई पुनः कामदारको रूपमा पठाउने प्रक्रियाअन्तर्गत विशेष भाषा परीक्षा सञ्चालन गर्न लागिएको हो ।




- साउन १३ देखि १५ गतेसम्म आवेदन फाराम वितरण तथा दर्ता
- भदौ ८ गते परीक्षा तालिका घोषणा
- भदौ १८ देखि २९ गतेसम्म परीक्षा
- असोज ३ गते नतिजा प्रकाशन

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले शुक्रबार प्रकाशित गरेको सूचना अनुसार विशेष भाषा परीक्षा लागि यही साउन १३ देखि १५ गतेसम्म आवेदन फाराम वितरण तथा दर्ता हुनेछ । परीक्षा आगामी भदौ १८ देखि २९ गतेसम्म सञ्चालन हुने शाखाले जनाएको छ । त्यसअघि भदौ ८ गते परीक्षा तालिका घोषणा हुनेछ । यस्तै, परीक्षाको नतिजा असोज ३ गते प्रकाशित गरिने सूचनामा उल्लेख छ ।

'नेपाल सरकार र गणतन्त्र कोरिया सरकारबीच सम्पन्न समझदारीपत्रअनुरूप रोजगार अनुमति प्रणाली (इपिएस) अन्तर्गत दक्षिण कोरियाबाट काम गरी वैधानिक तवरले फर्केका कामदारहरूलाई पुनः कामदारको रूपमा पठाउने प्रक्रियाअन्तर्गत उम्मेदवारको छनोट गर्ने क्रममा हयुमन रिसोर्स डेभलपमेण्ट सर्भिस अफ कोरिया (एचआरडी)बाट सञ्चालन हुने विशेष कोरियन भाषा परीक्षामा सामेल हुन चाहने एचआरडी सर्भिस आफ कोरियाबाट प्राप्त नामावलीमा नाम समावेश भएकाहरूमध्ये इच्छुक योग्य नेपाली नागरिकहरू अनलाइन आवेदन फाराम भर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ,' इपिएस कोरिया शाखाको सूचनामा उल्लेख छ ।

साथै, इपिएसअन्तर्गत गई कोभिड अवधिमा कोरियाको न्याय मन्त्रालयबाट स्वीकृति प्राप्त गरी मौसमी कामदार भई फर्केका, सन् २०१६ पश्चात् लिइएको टोपिक लेभल-३ उत्तीर्ण र सन् २०१६ पश्चात् सीप विकास तालिम लिएका व्यक्तिहरूको हकमा प्रमाण पेस गरेमा परीक्षा दस्तुर मिनाहा हुने र तोकिएअनुसार थप पाँचदेखि २५ अंक बोनस प्राप्त गर्नेसमेत सूचनामा उल्लेख गरिएको छ ।

### क-कसले दिन पाउँछन् आवेदन ?

विशेष भाषा परीक्षाका लागि आवेदन दिन नेपाली नागरिक जो इपिएसअन्तर्गत गणतन्त्र कोरियामा रोजगारी प्राप्त गरेका र सन् २०१० जनवरी १ पश्चात् भिसा अवधिभित्रै स्वेच्छिकरूपले नेपाल फर्केका कामदार हुनुपर्नेछ ।

यस्तै, उमेर १८ वर्ष पूरा भई ३९ वर्ष ननाघेको हुनुपर्नेछ । फौजदारी अभियोगमा अदालतबाट सजाय पाएको व्यक्तिले आवेदन दिन पाउने छैन । कोरियामा गई गैरकानुनीरूपमा बसोबास नगरेको हुनुपर्नेसमेत सूचनामा प्रस्ट पारिएको छ ।

साथै, नेपालबाट अन्य मुलुकमा जान रोक नलगाइएको, 'कलर ब्लाइन्डनेस' नभएका, कोरियामा इ-९ र इ-९-१ भिसामा पाँच वर्षभन्दा बढी अवधि नबसेको हुनुपर्ने इपिएस शाखाले जानकारी दिएको छ ।

ललिता निवास प्रकरण

# सचिव राउत थुनामुक्त, गुरुङसहित चार जनाको रिट खारेज

## 'स्टे अर्डर' देखाएर छुटेका कलाधर देउजा पुनः पक्राउ




■ प्रभाव संवाददाता

**काठमाडौं-** सर्वोच्च अदालतले ललिता निवासको जग्गा प्रकरणमा पक्राउ परेका सचिव कृष्णबहादुर राउतलाई थुनामुक्त गर्न आदेश दिएको छ । उनलाई थुनामा राखेर अनुसन्धान गर्नुपर्ने आधार, कारण र औचित्य नभएको ठहर सर्वोच्चले गरेको छ ।

न्यायाधीशद्वय प्रकाशकुमार ढुंगाना र नहकुल सुवेदीको संयुक्त इजलासले शुक्रबार सचिव राउतलाई अनुसन्धान नसकिएसम्म मुलुकबाहिर जान नपाउने गरी तारिखमा राखेर मुद्दाको अनुसन्धान गर्न आदेश गर्दै थुनामा राख्नुपर्ने अवस्था नभएको ठहर गरेको हो ।

आदेशमा भनिएको छ, 'यस स्थितिमा निजलाई थुनामा नराख्ने हो भने प्रस्तुत मुद्दाको अनुसन्धान नै प्रभावकारी हुन नसक्नेसम्मको अवस्था इजलाससमक्ष पेस हुन आएको अनुसन्धानसम्बन्धी सक्कल मिसिलबाट देखिन नआएकाले निवेदकलाई थुनामै राखी अनुसन्धान गर्नु पर्नेसम्मको आधार, कारण र औचित्य देखिएन ।'

आदेशमा निजउपर भ्रष्टाचार मुद्दामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले यसअघि मिति २०७६ माघ २२ गते मुद्दा नचलाउने भनी निर्णयसमेत गरेको देखिएको उल्लेख छ। आदेशमा भनिएको छ, 'निवेदकलाई मुद्दा हेर्ने अदालतको आदेशविना अनुसन्धान कार्य सम्पन्न नभएसम्म नेपालबाहिर जान नपाउने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ बमोजिम तारिखमा राखी मुद्दाको अनुसन्धान र तहकिकातलाई प्रभावकारी बनाउन मुद्दाको यथाशीघ्र अनुसन्धान तहकिकातको कार्य सम्पन्न गर्नू गराउनू ।'

ललिता निवाससम्बन्धी प्रकरणमा सरकारी जग्गा व्यक्तिको बनाउने क्रममा सरकारी दस्तखत तथा कागजात कीर्ते गरेको आरोपमा पक्राउ परेका राउतले सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दायर गरेका थिए । अदालतको उक्त आदेशसँग सचिव राउत थुनाबाहिर बसेर अनुसन्धानमा सहयोग गर्नुपर्ने छ ।

### चार जनाको रिट निवेदन खारेज

ललिता निवास जग्गा प्रकरणअन्तर्गत सरकारी जग्गा व्यक्तिको नाममा ल्याउने क्रममा सरकारी दस्तखत तथा कागजात कीर्ते गरेको आरोपमा पक्राउ परेका चार जनाको रिट निवेदन खारेज भएको छ । सर्वोच्च अदालतका न्यायाधीशद्वय ढुंगाना र सुवेदीको संयुक्त इजलासले शुक्रबार उक्त प्रकरणमा संलग्न भाटभटेनी डिपार्टमेन्टल स्टोरका सञ्चालक मीनबहादुर गुरुङ, निर्वाचन आयोगका पूर्वआयुक्त सुधीरकुमार शाह तथा नापी कार्यालयका पूर्वकर्मचारीद्वय धर्मप्रसाद गौतम र टीकाराम घिमिरेले दायर गरेको बन्दीप्रत्यक्षीकरणको रिट निवेदन खारेज गरेको हो ।

अदालतले निजहरूको रिट निवेदन खारेज गरेसँगै मुद्दाको अन्तिम किनारा नलागेसम्म उनीहरू हिरासतमै बस्नुपर्नेछ । ललिता निवास प्रकरणमा सरकारी जग्गा व्यक्तिका बनाउने क्रममा सरकारी दस्तखत तथा कागजात कीर्ते गरेको आरोपमा पक्राउ परेका निजहरूले सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दायर गरेका थिए ।

अदालतको उक्त आदेशसँगै सोही प्रकरणमा आफूहरूलाई पक्राउ नगर्न माग गर्दै अन्तरिम आदेश पाएका १७ जनाले पाएको आदेशसमेत खारेज भएको छ । अन्तरिम आदेश खारेज भएसँगै उनीहरूलाई पक्राउ गरी अनुसन्धान गर्न प्रहरीलाई बाटो खुलेको छ। उनीहरूविरुद्ध प्रहरीले भ्याकेट निवेदन दर्ता गराएको थियो ।

यसैबीच सोही प्रकरणमा पक्राउ परेलगत्तै छुटेका मालपोत कार्यालय, डिल्लीबजारका तत्कालीन कर्मचारी कलाधर देउजा पुनः पक्राउ परेका छन् । यसअघि उनीसहित १७ जनालाई पक्राउ नगर्न अदालतले दिएको आदेश देखाएर छुटेका देउजा शुक्रबारको आदेशपछि पक्राउ परेका हुन् । प्रहरीले शुक्रबार अपराह्न देउजालाई पुनः पक्राउ गरेको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)का प्रहरी वरिष्ठ उपरीक्षक दिनेश आचार्यले पुष्टि गरेका छन् ।

प्रहरीले देउजासहित सात जनालाई १२ असारमा पक्राउ गरेको थियो । तर, देउजासँगै पक्राउ परेका सुरेन्द्रमान कपाली र हुपेन्द्रमणि केसी अदालतको 'स्टे अर्डर' देखाएर सोही दिन प्रहरीबाट छुटेका थिए ।

### थप पाँच दिन हिरासतमा राख्न आदेश

**काठमाडौं (प्रस)-** काठमाडौं जिल्ला अदालतले ललिता निवास जग्गा प्रकरणमा पक्राउ परेकालाई थप पाँच दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीलाई शुक्रबार अनुमति दिएको छ । उक्त प्रकरणमा पक्राउ परेकालाई थप पाँच दिन हिरासतमा राखेर अनुसन्धान गर्न शुक्रबार प्रहरीलाई म्याद दिइएको काठमाडौं जिल्ला अदालतका सूचना अधिकारी दीपक दाहालले बताए ।

उनले भने, 'पक्राउ परेकालाई सरकारी छाप र दस्तखत कीर्ते लिखतसम्बन्धी कसूर र संगठित अपराध कसूरमा हिरासतमा राखेर अनुसन्धान गर्नका लागि पाँचौंपटक आज पाँच दिन म्याद थप भएको हो ।' उक्त प्रकरणमा हालसम्म १९ जनालाई पक्राउ गरी अनुसन्धान भइरहेको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)का प्रहरी वरिष्ठ उपरीक्षक दिनेश आचार्यले जानकारी दिए । उनका अनुसार कलाधर देउजालाई शुक्रबार नै पक्राउ गरी अनुसन्धान थालिएको छ ।

यसअघि गत असार ३१ गते पनि अदालतले पाँच दिन म्याद थप गरी हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिएको थियो । ललिता निवासको सरकारी जग्गा व्यक्तिको नाममा नामसारी गरी अनियमितता गरेका भन्दै सिआइबीले सरकारी छापा, दस्तखत, कागजात कीर्ते मुद्दामा अनुसन्धान गरिरहेको छ । ललिता निवासको १४३ रोपनी जग्गाको जग्गाधनी गृह मन्त्रालय मातहतको समरजंग कम्पनी थियो । तर, दर्ता स्रेस्ता सच्याएर उक्त जग्गा विभिन्न गुठी र व्यक्तिको नाममा नामसारी गरेर अनियमितता गरेको प्रहरीको दाबी छ ।




# 'डिजिटल साक्षरता विद्यालयको पाठ्यक्रममा समावेश गर्नुपर्छ'

■ प्रभाव संवाददाता




**काठमाडौं–** प्रधानमन्त्री तथा राष्ट्रिय सुरक्षा परिषद्का अध्यक्ष पुष्पकमल दाहालले सूचना प्रविधिको युग र राष्ट्रिय आवश्यकतालाई मध्यनजर गर्दै विद्यालय तहदेखि नै डिजिटल साक्षरतामुखी पाठ्यक्रम जरूरी रहेको बताएका छन् ।

राष्ट्रिय सुरक्षा परिषद्द्वारा शुक्रबार सिंहदरबारमा आयोजित 'आधुनिक सूचना प्रविधिले राष्ट्रिय सुरक्षामा पार्ने प्रभाव' विषयको अन्तर्क्रियामा उनले भने, 'विज्ञान-प्रविधिको युगमा आधारभूत तहबाटै डिटिजल साक्षरताको विकास गरी प्रविधिमैत्री ज्ञानका साथै प्रविधिको दुरूपयोगको खतराबाट बच्नसक्ने पर्याप्त सावधानीबारे जानकारी आवश्यक छ ।'

उनले देश र जनता एवं स्वयं आफ्नो व्यक्तिगत जीवनलाई कसरी प्रविधिमैत्री बनाउने, कुन सामग्री देश र समाजका लागि अनुकूल वा प्रतिकूल छन्, तिनीहरूबारे आधारभूत ज्ञान कसरी राख्ने, सही सामग्रीको छनोट कसरी गर्ने ? लगायत विषयमा पर्याप्त ज्ञान हुनुपर्ने बताए । 'पर्याप्त ज्ञानबिना साइबर प्रविधिको प्रयोग र यसमार्फत पैदा भएका चुनौतीसमेत सामना गर्न सकिँदैन,' उनले भने, 'तसर्थ विद्यालय तहबाट नै पाठ्यक्रममा डिजिटल साक्षरताको व्यवस्था गर्नेतर्फसमेत हाम्रो ध्यान केन्द्रित हुन आवश्यक छ ।'

सूचना प्रविधिको प्रयोग आमनागरिकको दैनिकी बनिसकेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले आधुनिकीकरण, विश्वव्यापीकरण र नेटवर्कमा आधारित कम्प्युटर सञ्जालीकरणले राष्ट्रिय सुरक्षाको गहनता, चासो र क्षेत्र दिन प्रतिदिन फराकिलो बन्दै गएको बताए ।

'राष्ट्रिय सुरक्षा आन्तरिकरूपमा शान्ति सुरक्षा अमनचयन, नागरिक सुरक्षा र बाहचरूपमा देशको भौगोलिक सीमा सुरक्षासँग प्रत्यक्षरूपमा जोडिएको विषय हो,' उनले भने, 'राज्यकेन्द्रित सुरक्षा अहिले नागरिक केन्द्रित बन्दै गएपछि सार्वभौमसत्ता, राजनीतिक स्वतन्त्रता र भौगोलिक अखण्डता सँगसँगै राष्ट्रिय सूचना र नागरिक सुरक्षाका विषय पनि महत्त्वपूर्ण बनेका छन् ।'

डिजिटल आक्रमण, साइबर अपराधले गर्दा राष्ट्रिय सूचनाको संरक्षण, तथा व्यक्तिगत गोपनीयताको संरक्षणमा जटिलता बढ्दै गएको जनाउँदै प्रधाानमन्त्री दाहालले यसबाट राष्ट्रिय सुरक्षा र अपराध अनुसन्धानलगायतका संवेदनशील विषयमा पनि चुनौती थपिएको बताए ।

'राष्ट्रिय र सामरिक महत्त्वका सूचनाका अतिरिक्त अन्य सूचनाहरू चोरी गर्ने, ह्याक गर्ने तथा देशको सम्पूर्ण कम्प्युटर नेटवर्कमाथिको साइबर आक्रमण आजको डिजिटल युगले ल्याएको नयाँ परिस्थिति पनि राष्ट्रिय सुरक्षाको दृष्टिकोणबाट चुनौतीपूर्ण विषय बनेका छन्,' उनले भने ।

सूचना प्रविधिको क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा भएको विकासमा पहुँच पुर्‍याई प्रविधि हस्तान्तरणलाई सहजीकरण गरी देश विकासमा योगदान गर्न आवश्यक रहेको उनले बताए । साइबर सुरक्षा चुनौती थपिँदै गएकाले यसबाट बच्ने सुरक्षात्मक उपाय अवलम्बन गरी साइवर सुरक्षाको स्तर वृद्धि गर्दै साइबर अपराध नियन्त्रण गर्नुपर्ने उनको भनाइ छ ।

प्रधानमन्त्री दाहालले सरकार जतिसक्दो चाँडो साइबर सुरक्षा नीति निर्माण गरी कार्यान्वयनमा ल्याउन प्रतिबद्ध रहेको बताए । 'सूचना प्रविधिसम्बन्धी विधेयक पनि संसद्मा पेस गर्ने गृहकार्य भइरहेको छ,' उनले भने ।

# श्रमसम्बन्धी फैसला संग्रह सार्वजनिक




**काठमाडौं (प्रस)–** श्रमसम्बन्धी केही महत्त्वपूर्ण फैसलाको संग्रह २०८०' नामक पुस्तक सार्वजनिक गरिएको छ ।

सर्वोच्च अदालतमा शुक्रबार आयोजित कार्यक्रममा प्रधानन्यायाधीश हरिकृष्ण कार्कीले उक्त पुस्तक सार्वजनिक गर्दै श्रमसँगसम्बन्धी फैसला प्रकाशनका रूपमा आउनु महत्त्वपूर्ण भएको बताए । उनले श्रमसँग सम्बन्धित नजिरलाई समेटेर पुस्तक प्रकाशन भएकाले न्यायालय र न्यायसँग सम्बन्धित व्यक्तिलाई यो पुस्तकले मार्गदर्शन प्रदान गर्नेमा विश्वास व्यक्त गरे । श्रमसम्बन्धी विधिशास्त्रको कार्यान्वयन र श्रम कानुनको विकासमा संग्रहले योगदान पुर्‍याउने उनको भनाइ छ ।

श्रम अदालतका अध्यक्ष वासुदेव आचार्यले श्रमसँग सम्बन्धित कानुन र अदालतबाट भएका फैसलासम्बन्धी खोज र अध्ययन गर्न सहज होस भन्ने उद्देश्यले पुस्तक प्रकाशन गरेको बताए । उनले बिदामा नबसी अहोरात्र खटेर काम गरेको जानकारी दिए । पछिल्लो समय श्रम अदालतमा मुद्दाको संख्या बढदै गएको उनको भनाइ छ ।

श्रम अदालतका न्यायाधीश निशा बानियाँले सर्वोच्च अदालत र श्रम अदालतले गरेका महत्त्वपूर्ण ५० वटा फैसलाको संग्रह पहिलो पटक प्रकाशन गरेको बताए । श्रम अदालत २०५२ सालमा एक न्यायाधीशले मुद्दा हेर्ने गरी र २०७७ सालदेखि तीन सदस्य न्यायाधीशबाट मुद्दाको सुनुवाइ भइरहेको छ ।

# १६७ वर्ष पुरानो शिलालेख भेटियो

**भादगाउँ (प्रस)–** चाँगुनारायण नगरपालिका-७ बागेश्वरीको पगरी टोलमा १६७ वर्ष पुरानो शिलालेख फेला परेको छ । सडक स्तरोन्नतिका लागि स्थानीय जनक लामिछानेको जग्गा सम्याउने क्रममा बाँसको झ्याङमुनि कोलसहितको शिलालेख फेला परेको हो ।

करिब सात फिट लम्बाइको शिलालेखको ढुंगा प्राचीन ढुंगे कोल भएको स्थानीय हरिसुन्दर छुंकाले बताए । सो स्थानमा कोलमा राखिने गोलो ढुंगासमेत फेला परेको छ । उक्त ढुंगा तीन किलोभन्दा बढी रहेको छुंकाले जानकारी दिए ।

पगरी टोलमा फेला परेको शिलालेख, गोलो ढुंगाका साथै ऐतिहासिक चट्टान अभिलेख र चित्रको अध्ययन अनुसन्धान गरी संरक्षण गर्ने नगर प्रमुख जीवन खत्रीले बताए ।

## बीमालेख हरायो

मिति २०८०/०१/०१ गते, बालाजुबाट गोलढुंगा जादै गर्दा मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : ईश्वरी प्रसाद अम्गाई
बीमालेख नं : ११४०१४५४५
Nepal Life Insurance Company
ठेगाना : काठमाडौं
सम्पर्क नं : ९८४३५६३५७१

## मालपोत कार्यालय सोलुखुम्बुबाट प्रकाशित हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

कोशी प्रदेश सोलुखुम्बु जिल्ला साविक सोताङ गा.वि.स. वडा नं.४ परिवर्तित सोताङ गाउँपालिका ५ बस्ने धनमान दमाईको नाति शक्तिराम दमाईको छोरा (ना.नं.३२०/५४७३/७०२ मिति २०३९/१२/१३ सोलुखुम्बु) को तिल बहादुर दमाईले मेरो छोरा कर्ण बहादुर दर्जीको मिति २०७५/०६/२६ मा अविवाहित अवस्थामा मृत्यु भएको र निजको मृत्युपछिको सबै भन्दा नजिकको हकदार म निजको बाबु मात्र भएकोले छोरा कर्ण बहादुर दर्जीको नाममा रहेको तपशिल बमोजिमका जग्गाहरूको श्रेस्ता कायम नरहेकोले फिल्डबुकका आधारमा श्रेस्ता कायम गरी मेरो नाममा नामसारी गरी पाउँ भनि माग निवेदन पेश गर्नु भएको हुँदा यो हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपशील बमोजिमका जग्गाहरू अरु कोही कसैको हक भोगमा भए वा कोही कसैलाई लिखत गरी दिएको भए वा अरू कसैको हक दावी पुग्ने भए वा कर्ण बहादुर दर्जीको पत्नी वा छोरा छोरी कोही भए आफुसँग भएको सवुद प्रमाण सहित हकदावी गर्न आउनु होला । अन्यथा प्रचलित ऐन कानुन बमोजिम भई जाने व्यहोरा समेत सम्बन्धित सबैको लागि यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपशील**

निवेदकले नामसारीका लागि माग दावि गरेका जग्गाको विवरण

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल व.मि. |
|---|---|---|---|---|---|
| १. | सोलुखुम्बु | सोताङ | ३ | ३४६ र ६१८ | १७५ र ९६० |

इति संवत् २०८० साल श्रावन महिना ०५ गते रोज ६ शुभम्......।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARKAN ALMOUTAMADA FOR DELIVERY

पूर्व स्वीकृति मिति २०८०/०४/०५ LT. No.289749 चलानी नं. ६०२०४९७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 25 | 0 | 135 | ५७,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FAST DELIVERY OF CONSUMER ORDERS CO.

पूर्व स्वीकृति मिति २०८०/०४/०५ LT. No.289748 चलानी नं. ६०२०४९७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Motorcycle Driver | 10 | 0 | 135 | ५७,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Light Driver | 10 | 0 | 135 | ५७,७८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन १३ गते (29th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Saudi Nepal Recruitment Agency Pvt.Ltd.
श्रम ईजाजत न. ७९७/०६५/०६६
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal
Tel.+977-01-4720350, 4720849, 5908112
E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HSS CLEANING SERVICES SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०३/२१ LT. No. : 286525 चलानी नं.६०२०४२७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANING WORKER | 59 | 0 | 1500 | ४२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : MELATONE SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०३/१५ LT. No. : 288623 चलानी नं.६०२०४०७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory worker | 10 | 0 | 1500 | ४२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन १३ गते (29th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Greenland Services Pvt. Ltd.
"A Complete Ethical Recruitment Agency"
श्रम ईजाजत नं. १५९३/०७९/०८०
Basundhara,Kathmandu, Nepal
Tel: +977 1 5916353
Email: greenlandnepal@gmail.com, Website: www.greenlandnepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : A.ADAA COMPANY FOR ENVIRONMENTAL SERVICES

पूर्व स्वीकृति मिति २०८०/०४/०५ LT. No. 289722 चलानी नं. ६०२०४९७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 3 | 0 | 1900 | ६६,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन १३ गते (29th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Honesty Overseas Pvt.Ltd.
श्रम ईजाजत नं. १०००/०६८/०६९
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WONDERFUL GROUP OF COMPANIES

पूर्व स्वीकृति मिति २०८०/०४/०५ LT. No. 289445 चलानी नं. ६०२०४९५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 50 | 0 | 1000 | ३५,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner Female | 0 | 40 | 1100 | ३९,३२० | | | | | | | |
| 3 | Security Guard | 10 | 0 | 1600 | ५७,१९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन १३ गते (29th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Al Asar International Pvt.Ltd.
Govt. License 1373/074/75
Panchakumari Marg -09,Kathmandu, Nepal, Phone no +97714594144, +9774594145, Mob No.: 9801305656 , 9801836652, 9801233962
Email - alasarintlpvtltd@gmail.com, manishbaral44@gmail.com,Web- alasarinternational.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TANZIFCO COMPANY W.L.L.

पूर्व स्वीकृति मिति २०८०/०४/०५ LT. No.289774 चलानी नं.६०२०४९६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLEANER | 67 | 18 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | SUPERVISIOR | 6 | 0 | 1500 | ५४,०९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन १३ गते (29th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः निःशुल्क कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Green Tara International Overseas Services Pvt. Ltd.
श्रम ईजाजत नं. १०१८/०६८/०६९
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com



## Sankata Wine & Beverage (P) Ltd.

Banepa-4, Kavre

**Price List (Effective From : 2080/04/07)**

Vat No.: 604239877
Excise No. 17542

| S. N. | Particulars | Packaging | ND Price | ND Margin | RD Price | RD Margin | Dealer Price | Dealer Margin | W/S Price | W/S Margin | Retail Price | Retail Margin | MRP. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Canvas Sweet White Wine | 12*750 ml | 7,669.31 | 690.24 | 8,359.55 | 501.57 | 8,861.12 | 531.67 | 9,392.79 | 375.71 | 9,768.50 | 976.85 | 895.00 |
| 2. | Canvas Sweet Red Wine | 12*750 ml | 7,669.31 | 690.24 | 8,359.55 | 501.57 | 8,861.12 | 531.67 | 9,392.79 | 375.71 | 9,768.50 | 976.85 | 895.00 |
| 3. | Climate Sweet White Wine | 12*750 ml | 7,068.15 | 636.13 | 7,704.28 | 462.26 | 8,166.54 | 489.99 | 8,656.53 | 346.26 | 9,002.79 | 900.28 | 825.00 |
| 4. | Climate Sweet Red Wine | 12*750 ml | 7,068.15 | 636.13 | 7,704.28 | 462.26 | 8,166.54 | 489.99 | 8,656.53 | 346.26 | 9,002.79 | 900.28 | 825.00 |
| 5. | Canvas Sweet White Wine | 4*4 ltr | 11,619.79 | 1,045.78 | 12,665.57 | 633.28 | 13,298.85 | 664.94 | 13,963.79 | 418.91 | 14,382.71 | 1,438.27 | 3,955.00 |
| 6. | Canvas Sweet Red Wine | 4*4 ltr | 11,619.79 | 1,045.78 | 12,665.57 | 633.28 | 13,298.85 | 664.94 | 13,963.79 | 418.91 | 14,382.71 | 1,438.27 | 3,955.00 |

उपरोक्त दर रेटमा मू.अ.कर समावेश गरिएको छ ।

लम्पी स्किनको प्रभाव

# २६ हजार पशुचौपायाको मृत्यु, ६ लाख संक्रमित

**महेन्द्रनगर-** 'लम्पी स्किन' रोगको संक्रमणबाट सुदूरपश्चिम प्रदेशमा हालसम्म २५ हजार ९९१ पशुचौपाया मरेका छन् । प्रदेशका नौवटै जिल्लामा छ लाख ३४ हजार ७९९ पशुचौपायामा लम्पी स्किनको संक्रमण पुष्टि एको छ ।

तीन वर्षदेखि छिटपुटरूपमा देखापर्दै आएको लम्पी स्किन हाल सुदूरपश्चिममका सबै जिल्लामा फैलिएको छ । भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कैलालीका प्रमुख डा. हेमराज अवस्थीका अनुसार लम्पी स्किनबाट सबैभन्दा बढी बैतडीमा ११ हजार १८ पशुचौपाया मरेका छन् । पशुपक्षी तथा मत्स्य विकास निर्देशनालय दिपायलले पशु सेवा विभागलाई उपलब्ध गराएको तथ्यांकअनुसार प्रदेशमा ६३० पशुचौपायालाई सो रोगविरुद्धको खोप लगाएको छ ।

'तीन वर्षदेखि लम्पी स्किनबाट पशुचौपाया संक्रमित हुँदै आएका छन्,' डा. अवस्थीले भने, 'यस वर्ष पहाडी जिल्लामा कडा खालको संक्रमण देखियो ।'

'पोक्स' भाइरसको संक्रमणबाट हुने लम्पी स्किनबाट सबैभन्दा बढी कैलालीमा दुई लाख ३३ हजार ५०० पशुचौपाया संक्रमित भएको पशुपक्षी तथा मत्स्य विकास निर्देशनालय डोटीका अधिकृत पुष्करराज नाथले जानकारी दिए । कैलालीमा १५ हजार बाच्छाबाच्छी, ८३ हजार ३९३ गाई, २१ हजार ३५१ गोरु र एक लाख १३ हजार ३२७ भैंसी यसबाट संक्रमित भएका छन् । कैलालीमा लम्पी स्किनबाट हालसम्म ६५७ पशुचौपाया मरेको तथ्यांक छ ।

यसैगरी लम्पी स्किनबाट बझाङमा चार हजार ६२३ पशुचौपाया मरेका छन् । सबैभन्दा कम कञ्चनपुरमा १८ पशुचौपाया सो रोगबाट मरेको तथ्यांक छ ।

यस्तै अछाममा एक हजार ६७८, डोटीमा तीन हजार ६७९, बाजुरामा ७५३ र दार्चुलामा एक हजार ६६९ र डडेलधुरामा दुई हजार ३९६ पशुचौपाया लम्पी स्किनबाट मरेको तथ्यांक छ ।

भेटेरेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र बैतडीमा प्रमुख गुमानीदत्त पन्तले रोगको नियन्त्रणका लागि पहल भइरहेको जानकारी दिए । 'मन्त्रालय र स्थानीय तहको पहलमा औषधि वितरण गर्ने काम भइरहेको छ । पालिकामार्फत पशुपालक किसानलाई औषधि वितरण गरिँदै छ,' उनले भने । औषधि र खोप अभाव भएको पन्तले बताए । *रासस*

# काभ्रेमा डेंगु संक्रमणविरूद्ध अभियान

काभ्रे- डेंगुको उच्च जोखिमका रूपमा रहेको काभ्रेपलाञ्चोकमा संक्रमण रोक्न पूर्वतयारी थालिएको छ । जिल्ला स्वास्थ्य कार्यालयले 'समयमै जोखिमलाई न्यूनीकरण गरौं' अभियान चलाएको छ । काभ्रेपलाञ्चोक डेंगुको उच्च जोखिममा रहेकाले नियन्त्रणका लागि पूर्वतयारीका साथ कार्ययोजना तयार पारिएको कार्यालयका प्रमुख डा. पुरुषोत्तम सेढाईंले बताए । लामखुट्टेले बसोबास गर्न सक्ने ठाउँ, सवारीसाधन मर्मत गर्ने ठाउँ, पानी जम्ने ठाउँ, उद्योग, कलकारखानालगायत ठाउँमा नियमित सरसफाइ गर्ने तथा पानी जम्न नदिन अभियान सञ्चालन गरिएको छ ।

जिल्ला विपद् व्यवस्थापन समितिको कार्ययोजना, निर्देशन र सहकार्यमा अभियान सञ्चालन भइरहेको उल्लेख गर्दै प्रमुख डा. सेढाईंले डेंगुको निरन्तर निगरानी (क्लिनिकल र प्रयोगशाला)को काम भइरहेको बताए । स्थानीय तह, प्रदेश र संघीय सरकारसँग समन्वय गरी काम भइरहेको छ । जिल्ला द्रुत प्रतिकार्य टोली गठन गरिएको छ ।

लामखुट्टेको बासस्थानको 'खोज र नष्ट गर' राष्ट्रिय अभियान सञ्चालन गर्ने, स्वास्थ्य कार्यालयले प्राविधिक र उपलब्ध आपूर्ति व्यवस्था मिलाउने, स्थानीय तहका स्वास्थ्य शाखा, विद्यालय र स्थानीय स्वास्थ्य संस्थालाई डेंगुविरुद्धको प्रतिकार्य सञ्चालन गर्न आग्रह गरिएको छ । यस्तै इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले निर्माण गरेका चेतनामूलक सामग्रीलाई सबै स्थानीय तहमा विभिन्न माध्यमबाट उपलब्ध गराइएको उनले बताए । काभ्रेपलाञ्चोकमा गत चैतमा डेंगुको संक्रमण देखिएको थियो । स्वास्थ्य कार्यालयका अनुसार जिल्लामा हालसम्म ६८० जनामा डेंगु देखिएको छ । सबैभन्दा बढी बनेपा नगरपालिकामा ४८७ डेंगु संक्रमित रहेका छन् । *रासस*

# नि:शुल्क फोहोर उठाउँदै भानु नगरपालिका

**डुम्रे (प्रस)-** तनहुँको भानु नगरपालिकाले नगरवासीको घर-घरबाट निस्कने फोहोरमैला नि:शुल्करूपमा उठाउने गरेको छ । नगरपालिकाले दैनिक नगरवासीको घरबाट निस्कने फोहोरमैला उठाउने गरेको छ ।

नगरपालिकाले बजार क्षेत्रका बस्तीबाट दैनिक फोहोरमैला उठाउने गरेको नगरप्रमुख आनन्दराज त्रिपाठीले जानकारी दिए । 'घर-घरबाट फोहोरमैला उठाएर नगरपालिकाकै स्वामित्वमा रहेको जग्गामा व्यवस्थापन गर्ने गरेका छौं,' उनले भने ।

नगरपालिकाले विशेषगरी डुम्रे, तुरतुरे, कालिमाटी, पुर्कोट, भन्सार, नारेश्वरटार, बारीफाँट, टुरेपसललगायत स्थानबाट फोहोरमैला उठाउने गरेको त्रिपाठीले बताए । 'नगरपालिकाभित्र फोहोरमैलाको दुर्गन्ध फैलन नदिन नि:शुल्क फोहोर उठाउने गरेका हौं, सरसफाइ तथा फोहोरमैलासम्बन्धी कार्यविधि बनाउने तयारीमा छौं,' उनले भने ।

फोहोरमैला भानुका-१ अँधेरीखोला किनार नजिकै व्यवस्थापन गर्ने गरिएको छ । सबै वडाबाट संकलित फोहोरमैला नगरपलिकाकै स्वामित्वमा रहेको ३५ रोपनी जग्गामा व्यवस्थापन गर्दै आएको नगरप्रमुख त्रिपाठीले बताए । उक्त जग्गा नगरपालिकाले फोहोर व्यवस्थापनका लागि उक्त जग्गा खरिद गरेको हो ।


**तु-आवश्यकता**

सिनामंगल-०९ स्थित सेन्ट्रल क्यापीटल सर्भिसेस प्रा.लि. मा ड्राईभरको आवश्यक परेकोहुनाले यथासिघ्र सम्पर्क गर्नुहुन अनुरोध छ ।

पद : लाईट ड्राईभर
अनुभव : कम्तीमा ५-८ बर्ष
योग्यता : १२ कक्षा उतिर्ण
नोट : अंग्रेजी भाषाको राम्रो अनुभव भएको हुनु पर्ने छ ।

CCS
सेन्ट्रल क्यापीटल सर्भिसेस प्रा.लि.
सम्पर्क ०१-४५७७५४५१/५२ सिनामंगल काठमाण्डौं



## साउदी/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : VISION PROTECTION COMMUNICATION CO. LTD

पूर्व स्वीकृति मिति २०७९/०८/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/०५ | LT. No. 277137 | चलानी नं. ६०१९३१३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 6 | 0 | 1400 | ४९,०८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : J S ELEMENT LADIES BEAUTY CO.

पूर्व स्वीकृति मिति २०७९/०५/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/०५ | LT. No. 270775 | चलानी नं. ६०१८६७८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 1 | 150 | ६२,०६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Hairdresser | 0 | 1 | 150 | ६२,०६० | | | | | | | |
| 3 | Manicure / Pedicure | 0 | 5 | 150 | ६२,०६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १३ गते (29th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ROBOA AL-ASYAH FACTORY

पूर्व स्वीकृति मिति २०८०/०२/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/०५ | LT. No. 286433 | चलानी नं. ६०२०१८०८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cement Mixer Driver | 2 | 0 | 1800 | ६२,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Trailer Truck Driver | 2 | 0 | 1800 | ६२,५६५ | | | | | | | |

कम्पनी : KHALED ABBAS KHAZAL BLACKSMITH AND ALUMINUM WORKSHOP

पूर्व स्वीकृति मिति २०८०/०४/०५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/०५ | LT. No. 289726 | चलानी नं. ६०२०४९५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 2 | 0 | 1000 | ३५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १३ गते (29th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NEW JERSEY WEDDING AND SERVICES

पूर्व स्वीकृति मिति :२०८०/०४/०५ | LT. No.289589 | चलानी नं.६०२०४९४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour Services | 11 | 0 | 1000 | ३६,३०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Ground Steward | 3 | 0 | 1000 | ३६,३०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १४ गते (30th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ABC PLACEMENTS PVT. LTD**
Gaushala-9, Battisputali, Kathmandu, Nepal, Tel : 977-1-4482340,
Email : infoabcplacement@gmail.com,
info@abcplacement.com, Website: www.abcplacement.com



## ZERO COST RECRUITMENT Opportunity For Malaysia!!

## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food | Transportation | Accommodation from Interview to Deployment!

नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रियो, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

अन्तर्वार्ता देखि उडान सम्म नि:शुल्क खाना, यातायात, आवास

COMPANY: SCHOTT GLASS MALAYSIA SDN BHD

कम्पनी : सट ग्लास मलेसिया एसडिएन बिएचडि

Pre Approval Date : 2023-03-10 | Post Approval Date : 2023-07-21 | LT. No.282413 | Invoice No. 60197876

पूर्व स्वीकृति मिति : २०७९/११/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/०५ | एल टि न. २८२४१३ | चलानी नं. ६०१९७८७६

| सि.नं. S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिगिंट RM | मासिक तलब: Monthly Salary ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गने घण्टा Working Hours Per Day | हप्तामा काम गने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. 1. | फ्याक्ट्री वर्कर Factory Worker (Manufacturing Sec.) | ५० 50 | ० 0 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १५०० 1500 | ४३,३९० 43,390 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

नोट: आबेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।

Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कँसले तिन Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : Management of Workers Welfare Fund — ने.रू.१५०० ।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer

सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it — रोजगारदाताले ब्यहार्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

HIMALAYAN HUMAN RESOURCES NEPAL PVT. LTD. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

Final Interview will be conducted on 1 & 2 August, 2023 in office premisees.
फाईनल अन्तर्वाता २०८० साउन १६ र १७ गते कार्यालय परिसरमा हुनेछ ।

अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ।
Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।

We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

**Himalayan Human Resources Nepal Pvt. Ltd.**
श्रम ईजाजत नं. ४५१/०६०/०६१
Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4354342,
Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PRIMA INTERNATIONAL GOURMET BOKES

पूर्व स्वीकृति मिति २०८०/०४/०५ | LT. No 289698 | चलानी नं. ६०२०४९४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker | 20 | 0 | 1200 | ४२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १३ गते (29th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ११७७/०७३/०७४
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BRANCH OF ABDULAZIZ RASHID AL KATHIRI CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०७९/१२/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/०५ | LT. No. 283499 | चलानी नं. : ६०१९८८६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging And Wrapping Worker | 2 | 0 | 1000 | ३५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १३ गते (29th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Max Employment Center Pvt. Ltd.**
श्रम ईजाजत नं. १५३१/०७८/०७९
Bijay Chowk-9 Kathmandu , Nepal
Phone: +977-1-4481066
Email: maxecenter@gmail.com /www.maxecenter.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BRITISH INTERNATIONAL GROUP FOR PROJECT MANAGMENT AND EDUCATIONAL SERVICES COMPANY

पूर्व स्वीकृति मिति २०८०/०४/०५ | LT. No. 289652 | चलानी नं. ६०२०४९८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 50 | 40 | 85 | ३६,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १३ गते (29th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क:नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SONY INTERNATIONAL REQIDMENTS SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. १२८९/०७४/०७५
Gausala-9 Pingalasthan, Kathmandu, Nepal,Tel: +977-1-442271



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : THE COFFEE BEAN & TEA LEAF (M) SDN.BHD.

पूर्व स्वीकृति मिति २०८०/०१/१४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/०५ | LT. No. 285391 | चलानी नं. ६०२००७८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew Restaurant | 10 | 0 | 1500 | ४३,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १३ गते (29th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Global Dynamic Manpower Solution Pvt. Ltd**
श्रम इजाजत नं.१५९४/०७९/८०
Sinamangal-9, Kathmandu, Nepal. Contact: +977- 9806931497
E-mail: globaldynamics1594@gmail.com

प्रभाव दैनिक National Daily


# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- | --- |
| प्रति तोला - | ११२८०० | ११२२५० | १४८० |



क्रसर उद्योग | तनहुँको शुक्लागण्डकी नगरपालिका-२ कोत्रेस्थित क्रसर उद्योगमा थुपारिएको गिटी बालुवा। जिल्लाका अधिकांश क्रसर उद्योग यही ठाउँमा छ। *तस्बिरः कृष्ण न्यौपाने/रासस*

## नेपाल र चीनबीच कृषि सीप आदानप्रदान गर्ने समझदारी

**काठमाडौं (प्रस)-** नेपाल र चीनबीच कृषिसँग सम्बन्धित प्रविधि विकास तथा सीपको आदानप्रदान गर्ने समझदारी भएको छ। नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) र चीनको सिचुवान एकेडमी अफ एग्रिकल्चर साइन्स (सास)का बीचमा बिहीबार सहमति भएको हो।

नार्कका कार्यकारी निर्देशक डा. ध्रुवराज भट्टराई र सासका उपाध्यक्ष डा. लेओ योङहङबीच प्रविधि विकास र सीप आदानप्रदान गर्न समझदारी भएको हो। दुई देशका कृषक एवं कृषिको विकासका लागि विकास गरिएका प्रविधि प्रदर्शन, हस्तानान्तरण तथा प्रवर्द्धन गरिनेछ।

यही सम्बन्धमा खुमलटारस्थित नार्कको केन्द्रीय कार्यालयमा नार्क र सासको उच्चस्तरीय प्रतिनिधिमण्डलका बीचमा भेटघाट एवं छलफल भएको नार्कका कार्यकारी निर्देशक डा. भट्टराईले जानकारी दिए। 'एकअर्काको अनुसन्धानका बारेमा बुझ्दै कृषि क्षेत्रको विकासबारे छलफल गरेर गुणस्तरीय उत्पादन बढाउँदै जाने विषयमा समझदारी भएको छ,' उनले भने।

सोही क्रममा सासका उपाध्यक्ष डा. लेओले नेपाली अनुसन्धानकर्ता र प्राविधिकलाई उच्चस्तरीय कृषि प्रविधिसम्बन्धी तालिम प्रदान गर्न सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे। नेपाली अनुसन्धानकर्तालाई चाँडै नै चीन लगेर मकै र सखरखण्डको उत्पादनका साथै प्रविधिको बारेमा तालिम दिइने उनले बताए। सासका उपाध्यक्ष डा. लेओको नेतृत्वमा टोली तीनदिने नेपाल भ्रमणमा आएको छ।

## टेलिकमको सेवा प्रवाह सहज हुनुपर्छ : सञ्चारमन्त्री शर्मा

■ प्रभाव संवाददाता




**काठमाडौं-** सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले नेपाल टेलिकमको सेवा प्रवाह सहज हुनुपर्ने बताएकी छन्। सरकारले सार्वजनिक सेवा प्रवाहलाई सहज बनाउने नीतिलाई प्राथमिकतामा राखेको उल्लेख गर्दै उनले सो कुरा बताएकी हुन्। सेवाग्राहीले सेवा नपाउँदा गर्ने गुनासो सुनुवाइलाई प्राथमिकतामा राखेर त्यसलाई सम्बोधन गर्नेगरी कर्मचारीलाई प्रशिक्षित गर्नुपर्ने उनको धारणा छ।

उनले आफू मन्त्री भएपछि पहिलो निर्णयका रूपमा राजमार्गको सबै ठाउँमा मोबाइल र इन्टरनेट सेवा विस्तार गर्न निर्देशन दिएको स्मरण गराउँदै यसको पूर्ण कार्यान्वयनका लागि कदम अघि बढाउनुपर्ने बताइन्। मन्त्री शर्माले डिजिटल साक्षरता प्रवर्द्धन गर्न र सामाजिक सञ्जाललाई कानुनी दायरामा ल्याई मर्यादित र व्यवस्थित गर्न मन्त्रालय लागिपरेको बताइन्। उनले चालु आर्थिक वर्षमा कानुन बनाई सामाजिक सञ्जाललाई मर्यादित गर्न ठोस कदम चालिने जानकारी दिइन्। 'विद्युतीय तथ्यांकहरूको सुरक्षित भण्डारण र उपयोगलाई व्यवस्थित बनाउन विद्युतीय तथ्यांक सुरक्षा नीति तर्जुमा गरिनेछ,' मन्त्री शर्माले भनिन्।

उनले दूरसञ्चारसम्बन्धी फोरजी सेवाको देशभर विस्तार र फाइभजी सेवाको लञ्च गरेर शिक्षा, स्वास्थ्य, पर्यटनलगायतका क्षेत्रको पूर्वाधार विकास गरी मुलुकको राजस्व वृद्धिमा योगदान पुऱ्याउने योजनाका साथ काम भइरहेको बताइन्।

ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवाको उपलब्धताबारे विस्तृत अध्ययन अनुसन्धान गरी विकट तथा दुर्गम क्षेत्रमा विद्यमान डिजिटल डिभाइडलाई सम्बोधन गर्नुपर्नेमा मन्त्री शर्माले जोड दिइन्। उनले सूचना प्रविधि तथा दूरसञ्चार क्षेत्रका नवीनतम् प्रविधिहरूको अध्ययन, अनुसन्धान गरी नीतिगत र कानुनी प्रबन्ध गरेर त्यसको लाभ ग्राहकवर्गले लिने र त्यसको माध्यमबाट आर्थिक-सामाजिक रूपान्तरणको गतिलाई अघि बढाउनुपर्ने आवश्यकता देखिएको बताइन्।

'दूरसञ्चार सेवालाई गुणस्तरीय, भरपर्दो, सर्वसुलभ बनाउनु अहिलेको प्रमुख आवश्यकता हो। दूरसञ्चार सेवा सञ्चालन तथा प्रयोगका सम्बन्धमा नीतिगत, कानुनी तथ संरचनागत रूपमा आवश्यक सुधार गरी दूरसञ्चार सेवाको विकास र विस्तार गर्नुपर्ने आवश्यकता छ,' मन्त्री शर्माले भनिन्, 'दूरसञ्चार क्षेत्रभित्रका विकृति र विसंगतिहरूलाई हटाएर दूरसञ्चार क्षेत्रको नियमनलाई थप प्रभावकारी बनाउनुपर्नेछ।'

उनले ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवाको उपलब्धता के-कति पुगेको छ ? यसको गहिरो अध्ययन गरी विकट तथा दुर्गम क्षेत्रमा विद्यमान डिजिटल डिभाइडलाई सम्बोधन गर्नुपर्नेमा जोड दिइन्। नेपालमा विगतको तुलनामा सूचना प्रविधि तथा दूरसञ्चारको क्षेत्रमा क्रमिक सुधार आए पनि विश्वव्यापी सूचकमा भने अझै धेरै पछि रहेको र विश्व दूरसञ्चारको क्षेत्रमा नेपालको अवस्था सशक्त बनाउनुपर्ने मन्त्री शर्माको जोड छ।

उनले नेपाललाई पूर्णरूपमा सूचना प्रविधिमैत्री बनाइ विश्वमा सूचना तथा दूरसञ्चार क्षेत्रमा नेपालको बलियो उपस्थिति बनाउन जरुरी रहेको बताइन्। सूचना तथा प्रविधिमार्फत नेपाली जनताको जीवन गुणस्तरीय बनाउन, डिजिटल नेपालको अवधारणालाई मूर्तरूप दिन र समग्रमा आर्थिक, सामाजिक, रूपान्तरणमार्फत समुन्नत नेपाल, खुसी नेपालीको नारालाई व्यवहारतः प्राप्ति गर्न सरोकारवालासँग आवश्यक समन्वय गरी अघि बढ्नुपर्ने उनको भनाइ छ।

## शिक्षा र वातावरण क्षेत्रमा खर्च गर्न इयूको १० अर्ब अनुदान

**काठमाडौं (प्रस)-** दुईवटा छुट्टाछुट्टै कार्यक्रमका लागि नेपाल र युरोपेली युनियन (इयू) बीच साढे १० अर्ब रूपैयाँभन्दा बढीको अनुदान सम्झौता भएको छ। शुक्रबार अर्थ मन्त्रालयमा आयोजित कार्यक्रममा नेपालको शिक्षा र वातावरण क्षेत्रमा खर्च गर्ने गरी उक्त अनुदानसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको हो।

'सबैका लागि गुणस्तरीय शिक्षा कार्यक्रम' र 'स्थानीयस्तरमा जलवायु परिवर्तन अनुकुलन कार्यक्रम'का लागि अनुदान सम्झौता भएको हो। सबैका लागि गुणस्तरीय शिक्षा कार्यक्रमअन्तर्गत विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वनयका लागि पाउन्ड स्टर्लिङ पाँच करोड अर्थात् सात अर्ब ३८ करोड रूपैयाँ बराबरको अनुदान सम्झौता भएको छ भने लोकल एडप्टेसन फर क्लाइमेट चेञ्ज कार्यक्रमका लागि पाउन्ड स्टर्लिङ दुई करोड २० लाख अर्थात् तीन अर्ब २५ करोड रूपैयाँ बराबरको सम्झौता भएको हो।

यी दुवै कार्यक्रमका लागि पाउन्ड स्टर्लिङ सात करोड २० लाख अर्थात् १० अर्ब ५३ करोड रूपैयाँ बराबरको अनुदान इयूबाट नेपालले पाउनेछ। सरकारी तथा सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर बढाउनका लागि सबैका लागि गुणस्तरीय शिक्षा कार्यक्रममार्फत यो रकम खर्च गरिने अर्थसचिव अर्जुनप्रसाद पोखरेलले जानकारी दिए।

'यो कार्यक्रमले सबैलाई गुणस्तरीय शिक्षामा पहुँच बढाएर मानव पुँजी विकासका लागि महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ,' सम्झौतामा हस्ताक्षर गर्दै अर्थसचिव पोखरेलले भने।

त्यस्तै, सबै नेपाली नागरिकको शिक्षामा पहुँच बढाइ गुणस्तरीय सिकाइका क्षेत्रमा सहयोग गर्ने नीतिलाई निरन्तरता दिइने इयूले जनाएको छ। 'इयूले नेपालको शिक्षा क्षेत्रमा २० वर्षदेखि सहयोग गर्दै आएको छ। गुणस्तरीय शिक्षा क्षेत्रमा थप लगानी गर्ने हाम्रो प्रतिबद्धता छ,' इयू कमिस्नर फर इनटरनेसनल पार्टनरसिप युट्टा आर्पिलाइनेनले भने।

## जाजरकोट-जुम्ला सुरुङमार्ग निर्माणका लागि अध्ययन सुरू

**जाजरकोट-** जाजरकोटको कुशे गाउँपालिका-८ साङटादेखि जुम्लाको तातोपानी गाउँपालिका-८ इमिल्चाघारी जोड्ने सुरुङमार्ग निर्माणका लागि अध्ययन सुरु भएको छ। पहिलो चरणको अध्ययनको जिम्मेवारी आइटेको टिएमएस रे जेभीले पाएको छ।

निर्माण कम्पनी आइटेको टिएमएस रे जेभीका प्रमुख राजीव झाले पहिलो चरण काम पूरा भएपछि डिपिआरका लागि दोस्रो चरुणको काम सुरु हुने बताए। हाल जाजरकोट सदरमुकाम पाँचकाटिया हुँदै हानिसल्ला काइल्दापाखा सिल्पाचौर हुँदै बारेकोट जुम्ला जोड्ने सडक निर्माण जारी छ। जाजरकोट र जुम्ला जोड्ने सबैभन्दा छोटो बाटो सुरुङमार्ग नै हुने भएको यसमा जोड दिइएको पूर्वमन्त्री गणेशप्रसाद सिंहले बताए।

साङटाबाट इमिल्चाघारीसम्म अहिलेको लम्बाइ झण्डै १० किलोमिटर छ। सुरुङका लागि करिब पाँच किलोमिटरभन्दा कम प्वाल बनाउनुपर्ने पूर्वमन्त्री सिंहले बताए। हिंडेर झण्डै सात घण्टामा अग्लो डाँडा पार गर्न सकिन्छ भने सुरुङमार्गबाट ३० मिनेटमै जुम्ला जान सकिने उनको भनाइ छ। दाङ हुँदै जाजरकोट जुम्लाबाट रारा जोड्नका लागि यो सडक सबैभन्दा छोटो हुने भएकाले काम सुरु गर्न लागिएको छ।

अहिले जाजरकोट सदरमुकामबाट बारेकोट-४ को दहसम्म सडकको कच्ची कटान पूरा भएको छ। हलुका सवारी साधनसमेत सञ्चालन भइरहेका छन्। सदरमुकाम खलंगाबाट पाँचकाटिया हुँदै सुरुङमार्ग निर्माणस्थलसम्म सडक निर्माण जारी छ। जुम्ला र जाजरकोटसँगै जोडिए पनि अग्ला हिमालहरू पार गर्नुपर्दा धेरै समय खर्चिनुपर्ने अवस्था छ।

हिमाली क्षेत्रमा सडक निर्माण गर्दा त्यहाँको पर्यावरणीय सुन्दरता गुम्ने खतरा भएकाले सुरुङमार्ग निर्माणका लागि पहल थालिएको सिंहले बताए। जुम्ला, हुम्ला र मुगु जिल्लाबाट देशका ठूला सहरमा जोडिने सबैभन्दा छोटो रुटका रूपमा यसलाई लिइएको छ। जुम्लाबाट कालीकोट हुँदै नेपालगञ्ज तथा सुर्खेत जाने सडकभन्दा सुरुङमार्ग हुँदै नेपालगञ्ज, सुर्खेत जाँदा र आउँदा सात घण्टा छिटो हुने सडक डिभिजन चौरजहारीका प्रमुख आसुतोश कर्णको भनाइ छ। जुम्लाका जनप्रतिधिका लागिसमेत यो मार्ग महत्त्वपूर्ण हुँदै आएको पूर्वमन्त्री नरेश भण्डारीले बताए।

कन्सलटचान्टले यसका लागि पाँच महिनाको समय पाएको छ। जसमा दुई महिना बितिसकेको छ। साथै अहिले बर्खायाम भएकाले कागजी काम मात्रै भइरहेको र बर्खा सकिनेबित्तिकै फिल्डैमा गएर काम सुरु हुने कम्पनीको भनाइ छ। बर्खामा सुरुङमार्गसम्म जान र आउनका लागि बाटो अप्ठयारो भएकाले काम गर्न मुस्किल भएको निर्माण कम्पनीको भनाइ छ। *रासस*


### काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः२०८०/०४/०६**

खोजिपुर सामुदायिक वन उपभोक्ता समूह, वाणगंगा न.पा-९, जिनुवा, कपिलवस्तुको वन क्षेत्रबाट डिभिजन वन कार्यालय, कपिलवस्तुको संकलन सहमती अनुसार आ.व. २०७९/०८० मा संकलन गरी उत्पादन भएका काठ/दाउरा सा.व.उ.स.को घाटगद्दीमा विभिन्न लट बनाई राखिएको साल, असना तथा अन्य जातको गोलिया थान १२४२ को १५१९५।०३ क्यु.फि. काठ तथा साल र अन्य जातको दाउरा २५.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। रितपुगेका इच्छुक वन पैदावारमा आधारित (काठ/दाउरा) संचालनमा रहेका उद्योगहरूले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन सम्ममा बोल पत्र खरिद गरि २२ औं दिन भित्रमा प्रत्येक लटको छुट्टा छुटै सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री खोजिपुर सामुदायिक वन उपभोक्ता समूह,**
**वाणगंगा न.पा-९, जिनुवा, कपिलवस्तु**


## पर्सामा नयाँ उद्योग दर्ता घट्यो

**वीरगञ्ज-** पर्सामा आर्थिक वर्ष २०७९/८० मा नयाँ उद्योग दर्तामा कमी आएको छ। घरेलु तथा साना उद्योग कार्यालयका अनुसार आव २०७९/८० मा एक हजार ८९ नयाँ उद्योग दर्ता भएको छ। जबकि आव २०७८/७९ मा एक हजार ४८० उद्योग दर्ता भएको थियो।

आव २०७९/८० मा नयाँ उद्योग दर्तामा कमी आउँदा उद्योगको लगतकट्टा गराउनेको संख्या भने बढेको छ। सो कार्यालयका अनुसार आव २०७९/८० मा १७७ वटा उद्योगको लगतकट्टा गरिएको छ भने अघिल्लो आव २०७८/७९ मा १५२ उद्योगको लगतकट्टा भएको थियो।

विश्वव्यापीरूपमा देखिएको आर्थिक तरलता, बैंक तथा वित्तीय संस्थाबाट ऋण लगानी नहुनु, पुँजीको अभावलगायतका कारणले नयाँ उद्योग दर्तामा कमी आएको घरेलु तथा साना उद्योग कार्यालय पर्साका प्रमुख धनञ्जयकुमार सिंहले बताए।

आव २०७९/८० मा एक हजार २७५ उद्योगको नवीकरण, १६५ वटाको पुँजी वृद्धि, ३३ वटाको ठाउँसारी, ८४ वटाको नामसारी गरिएको सो कार्यालय जनाएको छ। ती शीर्षकबाट आव २०७९/८० मा एक करोड छ लाख ३९ हजार २५० रूपैयाँ राजस्व संकलन भएको प्रमुख सिंहले जानकारी दिए।

उक्त आवमा ६५४ पुरुष र ४५० महिला गरी एक हजार १०४ उद्यमी थपिएका छन् भने तीन हजार २४७ पुरुष र एक हजार २१३ महिला गरी चार हजार ४६० जनाले रोजगारी पाएको प्रमुख सिंहको भनाइ छ। आव २०७९/८० मा उद्यमी सिर्जना तथा सीप विकास, स्केलअप र भगत सर्वजित तालिम कार्यक्रमअन्तर्गत ३६२ पुरुष र ९८ महिला गरी ४६० जनालाई सीपमूलक तालिम दिइएको प्रमुख सिंहले बताए।

यससँगै पर्सा जिल्लामा पछिल्लो छ वर्षको अवधिमा सात हजार दुई नयाँ उद्योग थपिएका छन्। गत आव २०७४/७५ देखि आव २०७९/८० सम्ममा सेवामूलक उद्योग, कृषि तथा वनजन्य, उत्पादन उद्योग र पर्यटन गरी सात हजार दुई नयाँ उद्योग दर्ता भएको घरेलु तथा साना उद्योग कार्यालय वीरगञ्ज पर्साले जनाएको छ।

गत आव २०७४/७५ देखि आव २०७९/८० सम्मको अवधिमा नयाँ उद्योग दर्ता, उद्योगको नवीकरण र उद्योगको लगतकट्टालगायतका शीर्षकबाट छ करोड ९७ लाख ९२ हजार ७८० रूपैयाँ राजस्व संकलन भएको कार्यालय प्रमुख सिंहले बताए। *रासस*


अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक



प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ